कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, जुम्ला

## गोलिया/चिरान काठको बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति:२०८२/१०/०३**

यस कार्यालयबाट वन सम्बन्धी कसुरमा जफत भएका, कार्यालय परिसरभित्रको जोखिमयूक्त रुख कटान तथा वेवारीसी अवस्थामा फेला पारी हकदाबि नपुगेका गोलिया/चिरान काठ र दाउरा यस कार्यालयको परिसरमा घाटगद्दी गरि राखेकोमा तपसिल बमोजिमको लटका, जात, थान र परिमाणको गोलिया/चिरान काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, सस्था तथा काठ व्यवसायीहरुले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनको कार्यालय समय भित्र डिभिजन वन कार्यालय, जुम्लाबाट बोलपत्र खरिद गरी २२ (बाईसौ) दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र डिभिजन वन कार्यालय, जुम्लामा दाखिला गर्न आव्हान गरिन्छ।

**तपशिल:**

| ल.नं. | सि.नं. | जात | थान | चिरान क्यु.फिट | गोलिया क्यु.फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | भोजपत्र | १७ | – | २७.०४ | मुद्दा |
| | २ | गोब्रे सल्ला | २६१ | २३९.५१ | ३३५.३१ | वेबारीसी |
| | ३ | देबदार | ४ | – | २३.९१ | सरकारी रुख |
| | ४ | देबदार दाउरा | ०.०१६ चट्टा | | | सरकारी रुख |

१. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:
क) अन्तिम मिति:२०८२/१०/२४ गते (ख) समय: दिउसो १२:०० बजे सम्म।
२. बोलपत्र डिभिजन वन कार्यालय, जुम्लाबाट खरिद र दाखिला गर्न सकिने छ।
३. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम को.ले.नि. कार्यालय, जुम्लाको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, जुम्लाको खाता नं. ४०३०१००२०२०३०००० कार्यालय कोड ३०७०२६२०१६ को धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।
४. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ९ महिनासम्मको लागि हुनुपर्ने छ।
५. बोलपत्र फारम रु. १०००।– (पछि फिर्ता नहुने गरी) तिरी डिभिजन वन कार्यालय, जुम्लाबाट खरिद गर्न सकिने छ।
६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र डिभिजन वन कार्यालयमा सम्पर्क गरी घाटगद्दी स्थानमा गई हेर्न सकिने छ।
७. गोलिया/चिरान काठ र दाउराको बोलपत्रको प्रतिस्पर्धामा बोलपत्र खरिद गर्न ईच्छुक व्यक्ति र फर्म वा कम्पनीका प्रोप्राईटरले बोलपत्र खरिद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र वन पैदावार (काठ) को हकमा डिभिजन वन कार्यालयबाट सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि भएको काठको काम गर्ने स:मिल उद्योग/व्यवसायी/फर्म/कम्पनिहरुले मात्र भाग लिन पाउने छन्।
८. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।
९. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१०/२४ गते दिनको २:०० बजे डिभिजन वन कार्यालय, जुम्लामा साक्षीहरुको रोहवरमा खोलिने छ।
१०. सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन्।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय, जुम्ला

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, अग्रिम आय कर र नियमानुसार लागेको संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१२. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ।

१३. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

१४. सम्बन्धित कार्यालयहरुबाट विक्री नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ।

१५. म्याद नाघी, शर्त राखी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१६. बोलपत्र सम्बन्धी प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उल्लङ्घन भएमा बोलपत्र अमान्य हुनेछ।

१७. उपर्युक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नुपरेमा यस कार्यालयले गर्न सक्नेछ।सो को जानकारी यस कार्यालयको वेवसाईट dfojumla.gov.np र pfd.karnali.gov.np बाट गराईनेछ।

१८. अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम र वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका,२०७३ अनुसार हुनेछ।

डिभिजन वन कार्यालय
जुम्ला